# भूमे साप्ताहिक

वर्ष ५ अङ्क १६ २०८० साउन १७ बुधबार




## सम्पादकीय

## प्राङ्गारिक जिल्ला कार्यान्वयनमा सार्थक प्रयास

प्राङ्गारिक अर्गानिक जिल्ला घोषणा गरिएको रुकुम (पूर्व) मा पहिलोपटक जैविक तथा वनस्पति विषादी उत्पादन शुरु गरिएको छ। भूमे गाउँपालिका ३ तिलपारामा जैविक तथा वनस्पति विषादी प्रयोगशाला स्थापनाले रुकुम (पूर्व)लाई **प्राङ्गारिक जिल्ला घोषणा** अभियान सार्थक बनाउने प्रयास शुरु भएको छ। धेरैजसो घोषणाहरु घोषणामै सीमित भइरहेको सन्दर्भमा भूमे गाउँपालिका, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम(पूर्व) र मारिङ बहुउद्देश्यीय सहकारी संस्थाले निकै प्रशंसनीय कार्यको शुरुवात गरेका छन्।

सबैखाले रासायनिक विषादीहरु प्रतिबन्ध लगाइएको रुकुम (पूर्व)का कृषकलाई तरकारी, खाद्यान्न बाली, खेतबारीमा लाग्ने किरा र रोग नियन्त्रण गर्न अब जैविक तथा वनस्पति विषादी निकै उपयोगी हुने विश्वास गर्न सकिन्छ। रासायनिक मल प्रयोग गर्न नपाएर कृषि उत्पादनमा कमी भएको कृषकको गुनासो सम्बोधन हुने र प्राङ्गारिक मल, जैविक तथा वनस्पति विषादी र मलले स्वस्थ र मनग्य उत्पादनमा सहयोग हुने नै छ। रुकुम (पूर्व)का अन्य स्थानीय तहले पनि जैविक तथा वनस्पति विषादी उत्पादनमा पहल गरे यहाँका सबै कृषकहरुको माग पूरा गर्न सहज हुनेछ।

परिवर्तन एकैपटक वा घोषणा गरेर मात्रै हुँदैन। त्यसका लागि योजनाबद्ध रुपमा काम अघि बढाउनु पर्दछ। शुरुमा सानो आकारमै किन नहोस्- रायायनिक मल, बजारिया विषादी, कीटनासक औषधीको विकल्पको रुपमा स्थानीय स्तरमै उत्पादित जैविक तथा वनस्पति विषादीले काम गर्नेछ। कृषकलाई विकल्प भएमा रासायनिक विषादी प्रयोग स्वतः बन्द हुन्छ। घोषणा गरेर मात्रै हुँदैन, कुनै वस्तु वा सेवामा प्रतिबन्ध गरिरहँदा त्यसको उपयुक्त विकल्प दिन सक्नु पर्दछ। अहिले भूमे गाउँपालिकामा स्थापना गरिएको प्रयोगशालाबाट जुन प्रयास भइरहेको छ, त्यो सबैका लागि अनुकरणीय छ। जैविक तथा वनस्पति विषादी उत्पादनको अवधारणा ल्याउने, पहल र लगानी गर्ने व्यक्ति/संस्था सबै धन्यवादका पात्र हुनुहुन्छ।


**प्रकाशक**

**भूमे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खाबाङबगर, रुकुम (पूर्व)**
**लुम्बिनी प्रदेश नेपाल**

# भूमेमा जैविक तथा वनस्पति विषादीको उत्पादन शुरु

**प्राङ्गारिक जिल्ला घोषणा गरिएको रुकुम (पूर्व) को भूमे गाउँपालिकामा जैविक तथा वनस्पति विषादी प्रयोगशाला स्थापनासँगै कृषकहरुमा खुसीयाली छाएको छ।**




❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । जिल्लाको भूमे गाउँपालिकामा जैविक तथा वनस्पति विषादी उत्पादन सुरु गरिएको छ। प्राङ्गारिक जिल्ला घोषणापछि यहाँको जैविकतालाई रसायनदेखि टाढै राख्नको लागि रुकुम (पूर्व) को भूमे गाउँपालिका वडा नम्बर ३ तिलपारामा जैविक तथा वनस्पति विषादी उत्पादन सुरु गरिएको हो।

जैविक तथा वनस्पति विषादी उत्पादनका लागि गत बुधबार एक कार्यक्रमको आयोजना गरी भूमे गाउँपालिका-३ तिलपारामा प्रयोगशालाको

उद्घघाटन पनि गरिएको छ। उद्घाटन कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिति रुकुम (पूर्व)का उप-प्रमुख मोहन बहादुर केसीले जैविक तथा वनस्पति विषादीको उत्पादनले जिल्लाको कृषि क्षेत्रलाई ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। कृषि उत्पादन रासायनिक विषादीयुक्त भए मानव स्वास्थ्यमा गम्भीर असर पर्ने चर्चा गर्दै उहाँले प्राङ्गारिक जिल्ला घोषणा गरेको रुकुम (पूर्व)बाट जैविक तथा वनस्पति विषादी उत्पादन शुरु गरेर जिल्लाकै बेग्लै पहिचान हुने बताउनु भयो।

भूमे गाउँपालिकाको ५ लाख, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम (पूर्व)को ६ लाख र मारिङ बहुउद्देश्यीय सहकारी संस्थाको एक लाख ७ हजार गरी जम्मा १२ लाख ७ हजारको लागतमा प्रयोगशाला निर्माणको काम भएको मारिङ सहकारीका संचालक समिति अध्यक्ष रामसुर बुढामगरले जानकारी दिनुभयो। उहाँका अनुसार प्रयोगशालामा विषादी उत्पादनको लागि आवश्यक पर्ने उपकरण भने एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय रुकुम (पूर्व)ले अनुदानमा उपलब्ध गराएको छ। कार्यालयले लेमिनार एयर फ्लो केविनेट, अटोक्लेभ, फ्रिज, इन्कुवेटर, वाटर डिस्टिलेन्सर च्याम्बर, अन्य सम्बन्धित सामाग्री र प्राविधिक सहयोग गरेको बुढाले जानकारी दिनुभयो।

अब विषादी उत्पादन र बजारीकरणको काम मारिङ बहुउद्देश्यीय सहकारी संस्थाबाटै हुने छ। जिल्लामै उत्पादित कच्चा पदार्थको प्रयोगबाट जैविक विषादी तयार पार्न सकिने र अब प्रयोगशाला नै निर्माण गरेर काम सुरु भएपछि अत्यन्तै खुसी लागेको सहकारीका संचालक समिति अध्यक्ष बुढाले बताउनु भयो। "रुकुम (पूर्व) लाई प्राङ्गारिक जिल्ला घोषणा गरे पनि यहाँको जैविकतालाई बचाइराख्न र किसानको खेतबारीमा रोग किराको प्रकोप देखिएमा त्यसबाट बच्ने अर्को कुनै विकल्प थिएन्", अध्यक्ष बुढाले भन्नुभयो, "अब जिल्लामै विषादी उत्पादनको काम सुरु भएकाले यहाँका किसानको खेतबारीमा ताजा जैविक विषादी प्रयोग हुने र यसले यहाँको जैविकता र मानिसको स्वास्थ्यमा कुनै पनि असर गर्दैन।"

विषादी बिक्रीको मूल्य भने प्रयोगशालामा आवश्यक लागत जनशक्तिको खर्च अनुमान गरेर सहकारीले निर्धारण गर्ने उहाँको भनाई छ।

तत्काललाई प्रयोगशालामा विषादी उत्पादनको लागि तालिमप्राप्त भूमे गाउँपालिकाका कृषि शाखा प्रमुख विशाल पुन मगरलाई खटाइएको अध्यक्ष बुढाले बताउनु भयो। "विषादी उत्पादनको लागि अन्य कर्मचारीलाई पनि तालिममा पठाएर तयार पारिने छ। रुकुम(पूर्व) लाई अर्गानिक जिल्लाको पहिचानमा कायम राख्न र जैविक विषादी उत्पादनमा चुनौती छ," उहाँले भन्नुभयो, "यसको प्रयोग, बजारीकरण गर्न सकेमा जिल्लासँगै छिमेकी जिल्लाहरुको माग धान्ने गरी पनि उत्पादनलाई बढाउन सहकारीले काम गर्ने छ।"








यस प्रयोगशालामा राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र खुमलटारबाट ट्राइकोडर्मा नामक ढुसीको शुद्ध कल्चर ल्याएर जैविक विषादी उत्पादन गर्न थालिएको छ। यहाँको कच्चा पदार्थ धानको भुस, गहुँको भुस, गड्यौले मल, गोठे मल, भेलीमा ट्राइकोडर्मा ढुसी राखेर जैविक विषादी उत्पादन गर्न सकिने राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र खुमलटारका प्राविधिक अधिकृत तथा बाली रोग विज्ञ वशिष्ठ आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार धान, गहुँको भुस र भेलीमा ट्राइकोडर्मा ढुसी राखी एउटा डिब्बामा १० देखि १४ दिनसम्म २५/२६ डिग्रीको तापक्रममा सुरक्षित राखेपछि जैविक विषादी तयार बन्छ।

यसरी तयार बनेको विषादीलाई गोठे मल र गड्यौले मलमा मिसाएर १० दिनजति जुटको बोराले छोपेपछि त्यसले मल र रोग व्यवस्थापन दुवैको काम गर्ने गर्दछ। यसरी प्रयोग गर्दा रोग नै उत्पन्न नहुने गरी विषादीले काम गर्ने उहाँको भनाई छ। झोल विषादी भने भेलीलाई घोलेर बोतलमा राख्ने र त्यसमा ट्राइकोडर्मा ढुसी मिसाएर राखेपछि तयार बन्छ। जैविक विषादी रुकुम (पूर्व) जस्तो प्राङ्गारिक जिल्लामा निकै उपयुक्त र प्रभावकारी रहेको बाली रोग विज्ञ आचार्यले बताउनु भयो।

भूमे गाउँपालिका वडा नम्बर २ का धनराज पुन र श्रीमान बुढा मगरले घर नजिकै जैविक विषादी उत्पादन हुन थालेपछि आफुहरुलाई निकै खुसी लागेको बताउनु भयो। उहाँहरु दुवै जनाले नर्सरी सञ्चालन गरेको बताउँदै प्राङ्गारिक जिल्ला भनेर कसैले पनि रासायनिक विषादी प्रयोग गर्न नदिने विरुवा रोग किराको प्रकोपले सखाप हुने अवस्थाको सामना गर्दै आएको सुनाउनु भयो। अलि-अलि झोल विषादी घरमा बनाउँदै प्रयोग गर्दै गरे पनि झोल विषादी बनाउनै समय धेरै लाग्ने र आफुहरुले भनेजस्तो नभएको बताउनु भयो। अब भने भूमेमै जैविक विषादी उत्पादन सुरु भएपछि आफुहरुलाई मात्र नभई जिल्लाबासी सबैलाई सजिलो भएको उहाँहरुको भनाई छ।

२०७६ सालमा रुकुम (पूर्व) लाई लुम्बिनी प्रदेश सरकारले प्राङ्गारिक जिल्ला घोषणा गरेको हो। प्राङ्गारिक जिल्ला घोषणापछि यहाँ रासायनिक मल, विषादी पूर्ण रुपमा प्रतिबन्ध छ।

# साउदीबाट फर्केर व्यावसायिक स्याउ खेतीमा



❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । पाखाभरि लटरम्म फलेका स्याउका बोटहरु। बोटमा फलेका पोटिला र राता स्याउका दानामा भूमे ८ दुल्धाराका लोकेन्द्र खड्काको श्रम, पसिना र दुःख टल्किएको प्रष्टै देख्न सकिन्छ।अर्काको देशमा पसिना बगाउनुभन्दा स्वदेशमै केही गर्छु भनेर गाउँ फर्किएका खड्काले दुल्धाराको पाखामा स्याउ खेती शुरु गरेका छन्।

साढे ४ वर्ष साउदी अरबमा बसेर नेपाल फर्किएका खड्काले शुरु गरेको व्यावसायिक स्याउ खेतीले आम्दानी दिन थालेको छ। रुकुम (पूर्व)मा स्याउ उत्पादनको प्रचुर सम्भावना भए पनि आवश्यक प्राविधिक ज्ञान, सिप र उपकरणको अभावमा आफूले उत्पादन बढाउन नसकेको बताउँछन्।

"उच्च पहाडी क्षेत्र भएकाले यहाँ विभिन्न प्रजातिका स्याउ उत्पादन हुन्छन् भन्ने आशाले व्यावसायिक स्याउ खेती शुरु गरेको छु," खड्काले भन्नुभयो, "ज्ञान सीप नहुँदा परम्परागत तरिकाले नै खेती गरेको छु। ९ कक्षा पास गरेर साउदी अरब गएको म साढे ४ बर्ष विदेशी भूमिमा पसिना बगाएर गत वर्ष गाउँमा फर्केर स्याउ खेतीतर्फ लागेको छु।" स्याउ खेती गर्दा बर्ष दिनमै राम्रो सम्भावना देखिएको भन्दै उहाँले आफ्नो कर्मबाट सन्तुष्ट भएको बताउनु भयो।

दुई हजार मिटरभन्दा उचाईमा रहेको दुल्धारामा पहिलोपटक थोरै मात्रामा लगाइएको स्याउ एक बर्षभित्र नै राम्रो फस्टाएको छ। खड्का भन्नुहुन्छ, "स्याउ खेतीसम्बन्धी प्राविधिक सहयोग नहुँदा स्याउँको विरुवा पुस माघ रोप्नुपर्ने रहेछ, मैले फाल्गुनमा लगाएको हुँ। अहिलेसम्म स्याउ खेतीको लागि तालिम पनि लिएको छैन। ज्ञान र सिपको पनि अभाव छ।" हिमाली जिल्ला र पहाडी भूगोल रहेको भूमे गाउँपालिकामा व्यावसायिक रुपमा स्याउ उत्पादनको राम्रो सम्भावना बोकेको छ।

उसो त भूमे गाउँपालिकाले स्याउ उत्पादन बढाउनका लागि किसानले लाभ लिन सक्ने र अनुदानमा स्याउको विरुवा उपलब्ध बनाउने भूमे गाउँपालिकाका नायव प्राविधिक सहायक विशाल पुनमगरले बताउनु भयो। स्थानीय स्तरमा उत्पादन बढाउने र उत्पादन भएका फलफूललाई बजारीकरण गर्ने पहल भइरहेको उहाँले बताउनु भयो। किसानलाई स्याउ खेतीसम्बन्धी ज्ञान सिपको लागि तालिमहरु पनि सन्चालन गर्ने कसरी काँटछाँट गर्ने बगैंचा कस्तो बनाउने कुन समयमा झारपात हटाउने विरुवा रोप्नलाई खाडल कस्तो खन्ने भन्ने बारेमा तालिम उपलब्ध बनाउने जनाएको छ।

# कोबाडमा स्वास्थ्य आमा समूह गठन

रुकुम (पूर्व) । भूमे गाउँपालिका वडा नम्बर ८ स्थित कोबाडमा शनिबार स्वास्थ्य आमा समूह गठन गरिएको छ। भूमे ८ को कोबाड, पुर्साबाड, भैसालोटे, घोर्नीटी, मैकाँडा टोलबाट एक एक जना छनोट गरेर आमा समुह गठन गरेको दलित महिला सदस्य अनिता विकले जानकारी गराउनु भयो।

त्रिमला ओलीको अध्यक्षतामा १६ सदस्यीय आमा समूह गठन गरिएको छ। समूहको उपाध्यक्षमा सबिना खड्का, सचिवमा लुम्बिनीमाया तामाङ, सहसचिवमा खनमती बुढा (खड्का) र कोषाध्यक्षमा कल्पना विक रहनुभएको छ।

समूह गठनपछिको पहिलो बैठकले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका रेखा घर्ती (पुनमगर) लाई चयन गरिएको छ। वडा नम्बर ८ का दलित महिला सदस्य अनिता विकको अध्यक्षतामा बसेको बैठकको सहजीकरण झक्कु पुन मगरले गर्नुभएको थियो।

# बिरामीलाई स्वास्थ्य चौकी लिन स्ट्रेचरको भर

**भएका सडक वर्षायामका कारण अवरुद्ध हुनु र कतिपय ठाउँमा सडक सुविधा नभएका कारण बिरामीलाई स्वास्थ्य संस्थासम्म लैजान स्ट्रेचरकै भर पर्नुपर्ने बाध्यता छ।**



❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) । उच्च पहाडी तथा हिमाली जिल्लाको रुपमा रहेको रुकुम (पूर्व)मा यातायातको सुविधा नहुँदा बिरामीलाई स्वास्थ्य संस्थासम्म लैजान स्ट्रेचरकै भर पर्नु पर्ने बाध्यता रहेको छ।वर्षायामको शुरुवातसँगै पहिरोले ग्रामीण सडकहरु अवरुद्ध भएपछि बिरामीलाई गाडी त के स्ट्रेचरमा अस्पतालसम्म लिन र ल्याउन पनि निकै समस्या हुने गरेको स्थानीयले बताएका छन्।

सडकमा खाल्डाखुल्डी हुनुका साथै ठाउँ ठाउँमा पहिरोले कतै सडक भत्किएको छ भने कतै पुरिएको छ। सडक अवरुद्ध हुँदा सवारी साधन त चल्न सक्दैनन्, सर्वसाधारण आवतजावत गर्न र बिरामीलाई बोकेर स्वास्थ्य चौकी वा अस्पताल पु-याउन पनि निकै सास्ती भोग्नुपरेको छ।

स्रोत साधनको पहुँच नहुँदा रुकुम (पूर्व)का नागरिकहरु अकालमा ज्यान गुमाइरहेका छन्। दैनिक कामकाज गर्ने क्रममा रुख, भीर र नदीनालाबाट लडेर घाइते भएकाहरुले तत्काल उपचार नपाउँदा ज्यान गुमाउनु पर्ने अवस्था रहेको स्थानीय बताउँछन्। भूमे गाउँपालिकाको वडा



धेरै तन्नेरीहरु विदेश गएका छन्, अप्ठ्यारो पर्दा बिरामी बोक्ने युवा पनि गाउँमा भेटिन मुस्किल छ" सुनारले भन्नुभयो, "गरिबी, अशिक्षा, बेरोजगारीले धेरै युवाहरु विदेश पलायन हुँदा गाउँमा बुढाबुढी र बालबच्चा मात्रै रहने अवस्था आउन थालिसक्यो।"

नम्बर ६ खाम्दै, स्याला, सुर्पा, नाखे, रुन्ची तामारी लगायतका गाउँमा सडक यातायात अवरुद्ध बनेको छ।

बर्षातका कारण बिग्रे भत्केका ग्रामीण सड्कहरु मर्मत नहुँदा बिरामीलाई स्ट्रेचरमा बोकेर अस्पताल पु-याउने बाध्यता रहेको भूमे गाँउपालिका वडा नम्बर ३ का मनरखे सुनारले बताउनु भयो। "समयमा बिरामीलाई स्वास्थ्य चौकीसम्म पु-याउन सवारी साधनको सुविधा छैन। रिजर्भ गर्नलाई गाडी पनि पाइदैन," झन आजभोलि त सडक बिग्रेर विजोग छ, बिरामीलाई स्ट्रेचरमा बोक्नेभन्दा अरु उपाय छैन।"

गरिबी र बेरोजगारीको समस्याले विदेशिनेको सङ्ख्या बढिरहेको र गाउँमा युवाहरु खोजेर पनि भेटाउन नसकिने सुनारको भनाइ छ। "गाउँका

हिउँदमा भन्दा वर्षाको समयमा गाउँघरमा बिरामी हुनेको संख्या धेरै हुने भूमे गाउँपालिका वडा नं ८ जीवन विश्वकर्मा बताउनु हुन्छ। गाउँमा युवाहरु नहुँदा बिरामीलाई समयमै अस्पताल पु-याउन पनि निकै समस्या भएको उहाँको भोगाइ छ। "सुत्केरी हुने दिदीबहिनीलाई स्वास्थ्य चौकीसम्म लैजान सबैभन्दा ठूलो समस्या हुन्छ। सडक नहुँदा स्ट्रेचरमा बोकेर लिनुपर्छ। कहिलेकाँही त डोकोमा पनि बोक्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो, "दु:ख परेको बेला स्वास्थ्य चौकीसम्म पु-याउने युवाहरु गाउँभरि खोज्नुपर्छ। भनेको बेला युवाहरु पनि भेटिदैनन्।" भौगोलिक विकटता र पर्याप्त स्वास्थ्य सेवा नहुँदा रुकुम (पूर्व)का अधिकांश गाउँका बासिन्दा उपचारका लागि अस्पतालसम्म पुग्न कठिनाइ भोग्न बाध्य छन्।

# रुकुम (पूर्व) मा वन क्षेत्रको दिगो व्यवस्थापनका लागि काम गरिरहेका छौं



**जितेन्द्रसिंह खड्का**
**प्रमुख,** डिभिजन वन कार्यालय, रुकुम (पूर्व)

**डिभिजन वन कार्यालयले के कस्ता काम गरिरहेको छ? र यसको स्थापनादेखि हालसम्मको पृष्ठभूमि बताइदिनुहोस् न।**

वन संरक्षण, विकास र सदुपयोगसम्बन्धी ऐन, नीति नियमहरुको कार्यान्वयन, वनको दिगो व्यवस्थापन र प्राविधिक सहयोग तालिमहरु नै मुख्यगरी डिभिजन वन कार्यालयले काम गर्दै आएको छ। २०४० सालअघि सल्यान वन डिभिजन कार्यालयअन्तर्गत मुसिकोट रेञ्ज कार्यालयले यस जिल्लामा वन संरक्षण तथा विकास सम्बन्धी काम कारवाही थियो।

२०४० सालमा गरिएको संगठनात्मक परिवर्तन पश्चात् यस रुकुममा जिल्ला वन कार्यालयको स्थापना भएको हो। २०५० सालमा वन विभागको संगठनमा गरिएको परिवर्तन अनुसार यो जिल्ला “ङ” वर्गमा राखिएको थियो। जसअन्तर्गत ८ वटा ईलाका वन कार्यालयहरु रहेका थिए।

हाल साविकको रुकुम जिल्ला दुई भागमा विभाजन भएपछि यो कार्यालय लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालयअन्तर्गत रुकुम (पूर्व) जिल्लाको डिभिजन वन कार्यालयको रुपमा स्थापना भएर कार्य सञ्चालनमा रहेको छ। डिभिजन वन कार्यालय रुकुम (पूर्व)को स्थापना २०७५ कार्तिकदेखि विधिवत रुपमा जिल्लाको रुकुमकोट, सिस्ने गाउँपालिका वडा नम्बर ५ टाकुरामा कार्यालय उद्घाटन भई वन जंगलको संरक्षण, सम्बद्र्धन र विकास कार्यहरु सञ्चालन भइराखेको छ।

हालको रुकुम (पूर्व)मा पर्ने तत्कालीन १६ वटा गाविसहरु रन्मामैकोट, हुकाम, जाङ, तकसेरा, कोल, राङ्सी, काँक्री, मोरावाङ, काँडा, महत, रुकुमकोट, चुनबाङ, सिस्ने, प्वाङ, पोखरा र स्यालापाखा हाल तीनवटा गाउँपालिकाहरु सिस्ने, भूमे र पुथाउत्तरगंगामा समेटिएका छन्।

सोहीअनुसार अहिले सिस्ने गाउँपालिकाको कार्यक्षेत्र रहेको सिस्ने, भूमे गाउँपालिका कार्यक्षेत्र रहेको भूमे, पुथाउत्तरगंगा गापाको वडा नं ७-१४ कार्यक्षेत्र रहेको कोल र पुथाउत्तरगंगा गा.पा.को वडा नं.१-६ कार्यक्षेत्र रहेको हुकाम मैकोट सव-डिभिजन कार्यालय गरी जम्मा ४ सव डिभिजन वन कार्यालयबाट फिल्ड स्तरमा सेवा प्रवाह भइरहेको छ।

**जिल्लामा रहेको वनको दिगो व्यवस्थापनका लागि के कस्ता काम गरिरहनु भएको छ?**

हामीले वनको दिगो व्यवस्थापनलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं। सहभागितामूलक व्यवस्थापनद्वारा सेवाको प्रवद्र्धन गर्दै वनको उत्पादकत्वमा वृद्धि गर्न लुम्विनी प्रदेशको हिमाली जिल्ला रुकुम (पूर्व)को सबै वनलाई दिगो वन व्यवस्थापन पद्धतिअनुरूप व्यवस्थापन गर्ने लक्ष्य लिएर काम गरेका छौं।

समृद्धिका लागि वनमा दिगो वन व्यवस्थापनलाई आधार-स्तम्भका रूपमा लिएका छौं। व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने लक्ष्य लिइएको छ। दिगो व्यवस्थापन र उद्यमशीलताबाट समृद्धिमा योगदान पु-याउने दीर्घकालीन सोच लिई वन क्षेत्रको पूर्ण क्षमताको उपयोग हुने गरी दिगो व्यवस्थापनमा जोड दिइएको छ।

**वनको प्रभावकारी अनुगमन कसरी गर्नुभएको छ?**

जिल्लाका सबै गाउँपालिकामा अनुगमनको कामलाई निरन्तरता दिएका छौं। तिनवटै गाउँपालिकामा रहेको वन कार्यालयका शाखाबाट कहाँ कसरी काम भइरहेको छ? वन जङ्गलमा चोरी सिकार हुँदैछ कि? कसैले काठ र वनमा पाइने जडिबुटी चोरी गरिरहेको छ कि भनेर नियमित प्रभावकारी अनुगमन तथा अनुसन्धान गरिएको छ।

**सामुदायिक वनमा वृक्षारोपण कार्यक्रम कतिको सञ्चालन गर्नुभएको छ?**

वृक्षारोपणले गर्दा स्थानीयको आयआर्जनमा मात्र टेवा नपुगेर वन जङ्गलमा रहेका वन्यजन्तु, पन्छीहरुको पनि संरक्षण हुने भएकाले सामुदायिक उपभोक्ता समूहमार्फत् वन संरक्षण, सम्वर्धन र सदुपयोग गर्ने, वन जङ्गललाई हराभरा बनाउन खाली ठाउँमा बृक्षारोपण गर्ने कार्यक्रम ल्याएका छौं।

यस बर्ष पनि विभिन्न ठाउँहरुमा विरुवा रोपिएको छ। वन्यजन्तु संरक्षणको लागि प्रचार प्रचार गर्नुका साथै सचेतनामूलक कार्यक्रम पनि गरिएको छ।

**डिभिजन वन कार्यालय रुकुम (पूर्व)का खास कार्यहरु के के हुन्?**

डिभिजन वन कार्यालयको मुख्य कार्यमा समग्र वन क्षेत्रको संरक्षण, विकास र सदुपयोग सम्बन्धी ऐन, नियम तथा नीतिहरुको प्रभावकारी कार्यान्वयन गर्ने नै हो। हामीले रुकुम (पूर्व)मा यहाँको वन विकास, संरक्षण र सदुपयोगका लागि योजना तर्जुमा गर्ने, निजी वन र कृषि वन, वाली विकास एवं व्यवस्था गर्न सरोकारहरुलाई आवश्यक प्राबिधिक सल्लाह सुझाव दिने र सर्वसाधारणका लागि वन सम्पदा सम्बन्धी जानकारी उपलब्ध गराउने काम गर्दै आएका छौं।

त्यस्तै समुदायमा आधारित वन व्यवस्थापन प्रणालीको माध्यमद्वारा दिगो वन व्यवस्थापन र वनपैदावारहरुको समुचित प्रयोग, बोटविरुवाको संरक्षण, वृक्षारोपण, खेती विस्तार प्रबर्द्वन गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गराउने र रोजगारीका अवसर सिर्जना गर्नतर्फ पहल गर्ने काम गर्दै आएका छौं।

*प्रस्तुतिः बालाराम शेर्पाली*

# के हो मगर समुदायको लोपोन्मुख नचारु नाच ?



अठार मगरात क्षेत्र रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका, भुमे गाउँपालिका, रोल्पाको थबाङवरिपरिका गाउँ, बाग्लुङको निसी खोला र भुजी खोलाजस्ता गाउँमा पुर्खौंदेखि नाचिएको नचारु नाच मगरहरूको मौलिक सांस्कृतिक सम्पदा हो। सहरमा यस्तो नाच देखिनु एक विरलै अवसर हो। जतिबेला मन लाग्यो उतिबेलै यो नाच नाच्न पाइँदैन। यसको आफ्नै सांस्कृतिक साइत हुन्छ। मन लागेका बेला यो नाच नाचे गाउँमा अनिष्ट हुन्छ भन्ने विश्वास गर्छन् मगरहरु।

सामूहिक रुपमा नाचिने उक्त नाच हातहातमा मादललगायत अनेक बाजा सहित मगरका तन्त्रमन्त्र जानेका ५-६ जना गुरुहरुको आदेशमा नाचिने मगर संस्कृतिका अध्येता तिलक रोकामगर बताउँछन्। अल्लोको पहिरन, पगरी, कानमा बिर्गुली, मखमलको दौरा, कम्मरमा पटुकी, घुँडासम्मै आउने मखमलकै सुरुवाल, चेम्ना (चाँदीको गहना), शिरमा अनेक जनावरका छाला, छमछम बज्ने खरङ्गा (सितारा) तथा फरक-फरक रङको यो पहिरन संयोजनसहित उक्त नाच नाच्ने गरिन्छ।

मगर कथा जान्नेहरू भन्छन्, नचारु नाच्न घरबाट छोरा निस्कँदा, आमाबा र चेलीहरूले सुन्दरताका लागि चेम्ना लगाइदिने चलन परापूर्वकालदेखि नै थियो। नचारुको मृत्युमा फराउते नाचिन्छ र रानी चन्दा गीत गाइन्छ। फराउते र रानी

चन्दाका अनुश्रुति भेटिन्छन् गाउँ पसे। बाइसे चौबीसे राज्यका पालामा नचारु नाच युद्धमा प्रयोग गरिएको इतिहास छ। मगरका थुप्रै नाच अब लोप भए, तर नचारु अझै बाँचिरहेकै छ।

नचारु सिक्न चाहने मान्छेलाई ओखला पस्ने भनिन्छ नचारुका भाषामा। ओखला पसेपछि नचारुहरू चारै दिशाको चार ढुंगा टिप्छन् र हरेक दिन नाच प्रशिक्षण सुरु हुन्छ। ओखला पसिसकेपछि नचारुहरू गाउँका बुद्धिजीवीसँग नाच्ने अनुमति माग्छन्। अनुमति माग्ने क्रममा भैरम गीत गाइन्छ। अग्रजको अनुमतिपछि गाउँका नचारु गुरुको घर पुग्छन्। र, दोंगी अर्थात् मुकुट लगाएका जोगीखपर र नचारुहरू एकैपटक धर्मढुंगा छोएर कसम खान्छन्। गुरुले मन्त्र पाठसँगै कुल पूजा गरी रातो बोका चढाउँछन् अनि मरेका पुर्खा अर्थात् सितर पितरलाई मनाउँछन्। र, नचारुहरू मंसिर पूर्णिमाका दिन गाउँ छोड्छन्।

मंसिरमा मुलुक भ्रमण हिंडेका नचारुहरू पुस मसान्तसम्म गाउँ फर्किसक्नुपर्ने हुन्छ। मुलुक भ्रमण को अर्थ हुन्छ अन्य मुलुकमा के कस्ता युद्ध कलाहरू छन्, बुझेर गाउँ फिर्नु। उनीहरू गाउँ फिरेको दिनैदेखि नचारुहरूको बाजा गाजा र नाच बन्द हुन्छ। र, बन्द भएका ती बाजा कसैले बजाए वा नाचे गाउँमा अनिष्ट हुने विश्वास छ।मगर समुदायमा नचारुहरू मरे उसको मृत्युमा यो नाच नाचिन्छ।

मगर समुदायमा मान्छे मरिसकेको केही समयपछि बिसाउना लैजाने चलन छ। जन्म मृत्युको मिति, मृत्युको कारण लेख्ने चलन छ, सिली (घर छाउने ढुंगा) मा। तर, पृथ्वीनारायण शाहको समयदेखि राणाकालसम्म आइपुग्दा ती ढुंगा हराए।र, त्यतिबेलै नचारुको इतिहास पनि हरायो।

अठार मगरात क्षेत्र अर्थात् मगर खाम (भाषा) बोल्ने समुदायमा नचारुको मृत्युपछि यो नाच ननाचेसम्म अहिले पनि गाउँबाट लास उठाउन पाइँदैन। उनीहरू फराउते नाच्छन् तरबार र ढाल नचाएर। त्यसपछि रानी चन्दा गीत गाउँछन् र मात्रै लास उठाउन अनुमति दिइन्छ। गाउँलेले लास उठाएपछि पनि बाटो खुलाउने आफ्नै विधि छ नचारुको। लासअघि नचारुहरू फराउते नाच्दै घाटसम्मै पुग्छन्। सेतो कपडासँगैका नचारु र लासको दृश्यले जोकोहीलाई रुवाउँछ। गाउँलेहरू लास गाड्नुअघि फेरि फराउते नाच्छन्, गाड्ने ठाउँ र लासलाई घुमाउँछन्। अनि मात्रै लास गाड्न अनुमति दिइन्छ।अन्य गाउँमा हराइसकेको नचारुलाई भुमे गाउँपालिकाले जोगाइरहेको छ। भूमे गाउपालिकाले देशका बिभिन्न स्थानमा हुने मगर समुदाय बिशेष कार्यक्रमहरुमा पनि उक्त नाच प्रदर्शन गर्ने गरेको छ। सोही अनुसार माघे सकरातीमा काठमाडौंको टुडिखेलमा प्रदर्शन गरिएको नचारु नाचले सबैलाई आकर्षण गरेको थियो।यो संस्कृतिको सुन्दर पक्ष हो। आफूपछिका पुस्तालाई हस्तान्तरण गर्न यो नाच अब ननाचे मगर समुदायका पुर्खा नचारु नाच्थे भन्ने मिथ मात्रै बाँकी रहनेछ नेपाली समाजमा।

लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**१. नेपाल वाङ्मय फाउन्डेसनद्वारा प्रकाशित विश्वका राष्ट्रिय गान पुस्तकमा कति देशका राष्ट्रिय गान समेटिएको छ ?**

≅ १९५ (विसं २०८० असार ३० मा सार्वजनिक) फाउन्डेसनले १९५ देशका राष्ट्रिय गानलाई नेपाली भाषामा अनुवाद गरी पुस्तक सार्वजनिक गरेको छ। अनुवाद प्रदीप निरौलाले गर्नुभएको हो।

**२. भारतको जयनगरदेखि महोत्तरीको बिजुलपुरासम्म रेल सेवा कहिलेदेखि सञ्चालनमा आएको हो ?**

≅ विसं २०८० असार ३१ (भारतको जयनगरदेखि जनकपुर-कुर्थासम्म ३५ किलोमिटर ट्र्याकमा दैनिक दुई पटक सेवा दिँदै आएको नेपाल रेल सेवा असार ३१ (२०८०) देखि जयनगर-बिजुलपुरा (भङ्गहा) सञ्चालनमा आएको छ । अब महोत्तरीको पिपराढी, लोहारपट्टी, सिङ्गाही र भङ्गहाका नागरिकले रेलमा ओहोरदोहोर गर्न पाउने भएका छन्। यससँगै अब रेल ५२ किलोमिटर दुरीमा गुड्ने छ। रेल सेवाको शुभारम्भ भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले गर्नुभएको थियो।)

**३. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) ले प्रत्येक दुई वर्षमा प्रदान गर्ने अनेसास डिल्लीराम तिम्सिना सर्वोत्कृष्ट उपन्यास पुरस्कार, २०२३ कसलाई प्रदान गरियो ?**

≅ कल्पना खरेल (उपन्यास : रानी तलाउ) (पुरस्कार राशि : एक हजार अमेरिकी डलर)

**४. हाल (२०८० असार) सरकारले कति प्रकारका औषधि निःशुल्क वितरण गर्दै आएको छ ?**

≅ ९८ आधारभूत स्वास्थ्य केन्द्र (स्वास्थ्य चौकी) मा ९८ मध्ये ९१ प्रकारका र प्राथमिक स्वास्थ्य केन्द्र तथा प्रादेशिक अस्पतालमा ९८ प्रकारकै औषधि निःशुल्क पाइने व्यवस्था रहेको छ ।डब्लुएचओका अनुसार उपचारमा हुने व्यक्तिगत खर्चका कारण प्रत्येक वर्ष पाँच लाख ७४ हजार २९४ नेपाली गरिबीको रेखामुनि धकेलिने छन्।

**५. विश्व प्रसिद्ध पुस्तक द वेल्थ अफ नेसनलाई के भनेर चिनिन्छ ?**

≅ आर्थिक म्याग्नाकार्टा

**६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालिम दिने विभिन्न निकायका बिच समन्वय गर्ने तथा सिपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने उद्देश्यका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन कहिले गरिएको हो ?**

≅ विसं २०४५

**७. लक्ष्मी बैङ्क लिमिटेड र सनराइज बैङ्क लिमिटेड एक आपसमा मर्ज भई लक्ष्मी सनराइज बैङ्क लिमिटेडको नामबाट एकीकृत कारोबार कहिलेदेखि सुरु भएको हो ?**

≅ विसं २०८० असार २९ (१:१ अनुपातमा मर्जर भएका बैङ्कको मर्जरपश्चात् चुक्ता पुँजी २१ अर्ब ६७ करोड रुपियाँभन्दा बढी कायम हुने बताइएको छ। बैङ्कको केन्द्रीय कार्यालय हात्तीसार, काठमाडौं रहेको छ।)

**८. भण्डारखाल पर्वको पोल खोल्ने व्यक्ति को हुन् ?**

≅ विजयराज पण्डित

*गोरखापत्र दैनिकबाट साभार*

# प्रथम सहिद

**- हिरा बुढा मगर**

नेपाली ममता रहेछ मुटुमा हाँसेर ज्यान फाले
खोसेको सपना लिएर जनता नाचेर बाँच्न थाले
भेटी रगतको चढाए बहुतै महान देखाए देशभक्ति
राणाको विरोध गरेर छिट्टै बिहानी उदाउने जुक्ति।

सुमधुर बोली बच्न क्षमता तार्किक उनको
जनताका लिएरै छाडे बदला पसिना र खुनको
घाँटीमा फाँसीको माला गाँसेर रचे सुन्दर नेपाल
राणाले चेतनाको दियो मासेर गर्दै थियो बेहाल।

बेवास्ता नगर हो बुझ सरकार सहिदको कहानी
उनी गए साँच्चै मरेर राणको गर्दै भविष्यवाणी
शान्तिका लागि ज्यानै फाली हामीबाट गए छुटी
मान्नुपर्छ उनलाई हामीले राष्ट्रिय विभूति।

प्रथम सहिद लखन हुन् प्रजातन्त्रका जननी
सोस्की राणा देखेर छातीमा बल्यो आगो दन्दनी
लखनजस्तै दिए धेरैले नैतिकता इमानको बलिदान
देशभक्त थिए उनीहरु कायरता सकेनन् छोरीजान्।

*भूमे गाउँपालिका-५, रुकुम (पूर्व)*

# गाउँबेँसी

**- अमर खत्री**

झ-यो पात उम्र्यो बिरुवा यस्तै यस्तै हो
जिन्दगीको पागलपन मस्तै मस्तै हो
नबोल तिमी खोलेर छाती चर्किन सक्छ
जीवनको पागलपन भोलि भर्किन सक्छ।


बगेको पानी उर्लने खोला खहरेको भेल
कहिले सुख कहिले दुःख जिन्दगीको खेल
बेच्ने छैन मेरो देश बेच्ने छैन इमान
गर्छु पौरख फोर्छु बाँझो बन्छु किसान।

आमा र बुवा मेरा भविष्य भुल्ने छैन म
देश अन्धकार बनाएर डुल्ने छैन म
हाम्रो देशको विभूति कति बलवान्
विश्वमै चिनिएका नेपाली सन्तान।

मेरा देशमा सबै नारी सबै बराबरी
माया ममता रहिरहोस् सधैं जुनीभरी
लाज छैन मेहनत गर्न डट्नु पर्छ है
राम्रो समाज बनाउन खट्नु पर्छ है।

माटो र जीवन पसिना रगत सम्हाल्नु पर्ने छ
देशको माया छातीमा राखी अङ्गाल्नु पर्ने छ
छ आफ्नै रीतिथिति छ आफ्नै भाषाभेष
सुन्दर छ पानी पधेँरो मेरै गाउँ वेश।

भूमे साप्ताहिकको लागि कविता, गीत, गजल, मुक्तक, लघुकथा, छोटा कथा, निबन्ध, संस्मरणहरु **news.bhume@gmail.com** मा पठाउन सक्नुहुनेछ । भूमेको भूमि, यहाँको कला संस्कृति, सामाजिक, ऐतिहासिक र पर्यटकीय पक्षहरु समेटिएका साहित्यिक रचनाहरुलाई विशेष प्राथमिकता दिइनेछ।
तपाईंको गाउँवस्तीमा भए गरेका घटना, जानकारी र तस्बिरहरु पनि पठाउन सक्नु हुनेछ। पठाउँदा आफ्नो नाम र ठेगाना लेख्न नबिर्सिनु होला। – सम्पादक




## उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिका, रुकुम (पूर्व) को अपिल !

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं । उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

३) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने गरौं।

४) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो। वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

५) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं।

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,र्‍याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्ना जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।





**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।




**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनपुर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।



**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७



जनहितका लागि
भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा केन्द्र

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०**